# बीरगन्ज उप-महानगरपालिकाको नागरिक वडापत्र

## नागरिक बडापत्र ०७१।०७२

## वीरगन्ज उप-महानगरपालिका कार्यालयवाट उपलब्ध सेवाहरू :➡

### १. जन्म दर्ता

आवश्यक कागजातहरु

- बालबालीकाको बाबु र आमाको नेपाली नागरिकता प्रमाण पत्र वा सो को प्रतिलिपी
- अस्पतालमा जन्म भएको भए अस्पतालको जन्म प्रमाणित प्रतिलिपी
- अन्य जिल्ला वा गा.वि.स.वाट बसाई सरि आएको हकमा बसाई सराई प्रमाणपत्र ।
- जन्म भएको ३५ दिन भित्र दर्ता गराउन आएमा दर्ता दस्तुर लाग्ने छैन ।
- सो पछि जति सुकै दिन भए पनि अधिकतम रू. ५०।- (पचास) सम्म लाग्ने छ ।

- सम्वन्धित शाखा :- सम्वन्धित वडा समितीका कार्यालयहरु ।
- पञ्जिकरण ऐन लागू हुनु भन्दा अगाडीको हकमा वडा समितीको सिफारिसमा न.पा.को प्रशासन शाखा/कानुन शाखावाट उपलव्ध गराईने छ ।
- समय अवधि :- सोहि दिन ।

### २. मृत्यु दर्ता

आवश्यक कागजातहरु

- मृतकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- अस्पतालमा मृत्यु भएको भए अस्पतालको मृत्यु प्रमाणपत्र प्रतिलिपी ।
- मृत्यु भएको ३५ दिन भित्र दर्ता गराउन आएमा दर्ता दस्तुर लाग्ने छैन ।
- सो पछि जति सुकै दिन भए पनि अधिकतम रू. पचास सम्म लाग्ने छ ।

- सम्वन्धित शाखा :- सम्वन्धित वडा समितीका कार्यालयहरु ।
- पञ्जिकरण ऐन लागू हुनु भन्दा अगाडीको हकमा वडा समितीको सिफारिसमा न.पा.को प्रशासन शाखा/कानुन शाखावाट उपलव्ध गराईने छ ।
- समय अवधि :- सोहि दिन ।

### ३. बसाई सराई

**आवश्यक कागजातहरु**

- बाहिर जिल्ला, नगरपालिका वा गा.वि.स.वाट बसाई सराई भै आएको सक्कल प्रमाणपत्र ।
- निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
- घरमुलीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
- अन्य ठाउँवाट बसाई सरी आउँदा आफु बसोवास गरी आएको ठाउको जग्गाधनी प्रमाणपूर्जा वा बसोवास भएको देखिने अन्य केहि प्रमाण ।
- बसाई सराई गरेको ३५ दिनभित्र दर्ता गराउन आएमा दर्ता दस्तुर लाग्ने छैन ।
- सो पछि जति सुकै दिन भए पनि अधिकतम रू. पचास सम्म लाग्ने छ ।
    - सम्वन्धित शाखा :- सम्वन्धित वडा समितीका कार्यालयहरु ।
    - समय अवधि :- सोहि दिन ।

### ४. विवाह दर्ता।

**आवश्यक कागजातहरु**

- पति, पत्नी दुवैको नागरिकताको प्रतिलिपी
- पत्नीले नागरिकता पत्र नलिएको आवस्थामा निजको माईती तर्फको नेपाली नागरिक खुल्ने प्रमाणको प्रमाणपत्रको प्रतिलिपी
- पति पत्नी दुवै अनिवार्य उपस्थित हुनुपर्ने ।
- अन्य जिल्ला वा गा.वि.स.वाट बसाई सरि आएकोहकमा बसाई सराई दर्ताको प्रमाणपत्र ।
- विवाह गरेको ३५ दिनभित्र दर्ता गराउन आएमा दर्ता दस्तुर लाग्ने छैन ।
- सो पछि जति सुकै दिन भए पनि अधिकतम रू. पचास सम्म लाग्ने छ ।
    - सम्वन्धित शाखा :- सम्वन्धित वडा समितीका कार्यालयहरु ।
    - समय अवधि :- सोहि दिन ।

### ५. सम्बन्ध विच्छेद

अदालतवाट फैसला भए बमोजिम फैसला वा मिलापत्रको प्रमाणित प्रतिलिपी राखि पति वा पत्नीवाट सम्बन्ध विच्छेद दर्ता गराउन सकिनेछ ।

**आवश्यक कागजातहरु**

- निवेदकको नागरिकताको प्रतिलिपी

**सम्बन्धित शाखाहरु:**

वडा समितिको कार्यालयहरु।

**सेवा शुल्क/दस्तुर**

- घटना घटेको ३५ दिन भित्र दर्ता दस्तुर नि:शुल्क ।
- सो पछि जति सुकै दिन भए पनि अधिकतम रू. पचास सम्म लाग्ने छ ।
    - सम्वन्धित शाखा :- सम्वन्धित वडा समितीका कार्यालयहरु ।
    - समय अवधि :- सोहि दिन ।

## ६. जन्ममिति प्रमाणित

**आवश्यक कागजातहरु**

- सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- पासपोर्ट साईजको हालसालै खिचेको तिनप्रति फोटो ।
- नगरवाहिरको नागरिक भएमा बसाई सराईको प्रतिलिपी ।
- एकीकृत सम्पत्तिकर र अन्य तिरो तिरेको रसिदको प्रतिलिपि ।
  - सम्बन्धित शाखा/अधिकारी : प्रशासन शाखा / कानुन शाखा
  - जन्म मिति खुल्ने कुनै प्रमाण ।
  - समय अवधि :- सोहि दिन ।
  - सेवाशुल्क दस्तुर :– **रु.१५५।-**

## ७. नाम, थर संशोधन

**आवश्यक कागजातहरु**

- सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- नाम,थर फरक परेको सम्बन्धी कागजातहरु ।
- विधार्थी भए जन्ममिति खुलेको शैक्षिक योग्यताको प्रमाणपत्र ।
- बाहिर जिल्ला, नगरपालिका वा गा.वि.स.वाट बसाइसराइ भै आएको भए सो को प्रमाण ।
  - सेवा शुल्क दस्तुर : **रु.१५५।-**
  - सम्बन्धित शाखा: प्रशासन शाखा / कानुन शाखा ।
  - समय अवधि :- सोहि दिन ।

## ८. नाता प्रमाणित

**आवश्यक कागजातहरु**

- मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी ( मृतकको हकमा ) ।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- बाहिर जिल्ला वा गा.वि.स., न.पा.को नागरिकता प्रमाणपत्र भए बसाई सराईको प्रमाणपत्र ।
- सम्बन्धित वडाको मुचुल्का ।
- सोह्र वर्ष उमेर पुगेको भए छोरा र छोरीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,उमेर नपुगेको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
- हालै खिचेको पासपोर्ट साईजको फोटो ३/३ प्रति ।
- पेन्सनको हकमा प्रयोजन हेरी संयुक्त कोटा, नाम, नम्बर, पद पत्नीको नाम देखिने पेन्सन पट्टाको प्रतिलिपी ।
  - सेवा शुल्क/दस्तुर : रु ५००।-
  - सम्बन्धित शाखा : प्रशासन शाखा / कानुन शाखा

## ९. मृत्यु प्रमाणित सिफारिस

**आवश्यक कागजातहरु**

- निवेदकको नागरिकताको प्रमाणपत्र प्रतिलिपी
- मृत्यु खुल्ने आवश्यक प्रमाण ।
  - सेवाशुल्क दस्तुर/सिफारिस दस्तुर :- **रु. १५५/-**
  - सम्बन्धित शखा/अधिकारी : प्रशासन शाखा / कानुन शाखा
  - समय अवधि :- सोहि दिन ।

## १०. अविवाहित प्रमाणित सिफारिस

**आवश्यक कागजातहरु**

- निवेदकको नागरिकताको प्रमाणपत्र प्रतिलिपी
- वडा कार्यालयको सर्जमीन मुचुल्का
- प्रमाण खुल्ने अन्य कागजातहरु
- सम्वन्धित वडा कार्यालयको सिफारिस
  - सेवाशुल्क/दस्तुर-.रु. १५५।-
  - सम्बन्धित शाखा :-प्रशासन शाखा / कानुन शाखा
  - समय अवधि :- सोहि दिन ।

## ११. विवाहित प्रमाणित सिफारिस

**आवश्यक कागजातहरु**

- पति-पत्नीको नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
- वडा कार्यालयको सर्जमीन मुचुल्का ।
- प्रमाण खुल्ने अन्य कागजातहरु ।
- पंजिकरण ऐन लागु भए पछिको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- सम्वन्धित वडा कार्यालयको सिफारिस
  - सेवाशुल्क/दस्तुर -.रु. १५५।-
  - सम्बन्धित शाखा:- प्रशासन शाखा / कानुन शाखा
  - समय अवधि :- सोहि दिन ।

## १२. घर जग्गा मुल्यांकन (बैदेशिक प्रयोजन)

**आवश्यक कागजातहरु**

- सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि ।
- सम्पत्ति सम्बन्धि विवरणको प्रमाण (घर जग्गाको नक्सा पास पुर्जी, जग्गा धनि प्रमाणपत्र)
- एकीकृत सम्पती कर तिरेको रसीद ।
- सम्वन्धित वडा कार्यालयको सिफारिस
  - सेवा शुल्क दस्तुर :- प्रति हजार रु. २/- का दरले ।
  - सम्बन्धित शाखा:- राजश्व शाखा / कानुन शाखा
  - समय अवधि :- सोहि दिन ।

## १३. आय श्रोत प्रमाणित सिफारिस (बैदेशिक प्रयोजन)

**आवश्यक कागजातहरु**

- निवेदनका साथ नागरिकता तथा आय श्रोत खुलाउने जग्गा धनि प्रमाणपूर्जाको प्रतिलिपी सहितका कागजातहरु
- उ.म.न.पा.को निति अनुसार कर बुझाउनु पर्ने, व्यवसायको हकमा व्यवसाय दर्ताको प्रतिलिपी
- सेयर बोनस, आदिको लागि उ.म.न.पा.का व्यवसायीहरुले कर बुझाएको र दर्ता भएको प्रतिलिपी

**सेवाशुल्क/दस्तुरः-** रु १५५।-

- रू. पचास लाख सम्मको आयश्रोतमा. रु २०००/-
- रु. पचास लाख एक देखि एक करोड़ सम्मको आयश्रोतमा. रु ३५००/-
- रु. एक करोड़ एक भन्दा माथिको आयश्रोतमा. रु ५०००/-
- सम्वन्धित वडा कार्यालयको सिफारिस
  - सम्बन्धित शाखा :- राजश्व शाखा / प्रशासन शाखा/ कानुन शाखा
  - समय अवधि :- सोहि दिन ।

## १४. चारित्रिक प्रमाणित

**आवश्यक कागजातहरु**

- निवेदकको नागरिकताको प्रमाणपत्र प्रतिलिपी
  - सेवाशुल्क/दस्तुर सिफारिस रु. १५५/-
  - सम्बन्धित शाखा :- कानुन शाखा / प्रशासन शाखा
  - समय अवधि :- सोहि दिन ।

## १५. बसोवास प्रमाणित सिफारिस

**आवश्यक कागजातहरु**

- निवेदकको नागरिकताको प्रतिलिपी
- बसाई सरी आएकोमा बसाई सराई प्रमाणपत्र
- वडा समितिको सिफारिस पत्र ।
  - सेवाशुल्क/दस्तुर :- रु.१५५/-.
  - सम्बन्धित शाखा :- कानुन शाखा / प्रशासन शाखा
  - समय अवधि :- सोहि दिन ।

## १६. नागरिकता प्रमाणपत्रको सिफारिस

सोह्र वर्ष उमेर पुगेको उ.म.न.पा.क्षेत्रभित्रका नगरवासीले नागरिकताको प्रमाणपत्र प्राप्त गर्नको लागि सिफारिस आवश्यक परेमा सम्बन्धित वडा कार्यालय मार्फत देहायको प्रमाणहरु संलग्न गरि निवेदन पेश गरेमा सोहि दिन उ.म.न.पा.बाट सिफारिस उपलब्ध गराईने छ ।

**आवश्यक कागजातहरु**

- अस्थायी निस्साको प्रतिलिपी, नागरिकता टोलीमा दर्ता भएको निस्साको प्रतिलिपी
- दुवै कान देखिने हालै खिचेको फोटो ६ प्रति
- अध्ययनरत वा अध्ययन समाप्त गरेको व्यक्तिको हकमा जन्म मिति खुलेको विद्यालयको प्रमाणपत्रको प्रतिलिपी
    - अभिभावक बाबु आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी / विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी
- बसाई सराई गरि आएको भए बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी, जग्गा धनी प्रमाणपत्रको प्रतिलिपी
- बैवाहिक, अंगिकृत नागरिकताको लागि विदेशी नागरिकता त्यागेको प्रमाण

* सेवाशुल्क/दस्तुर :- निशुल्क
* सम्बन्धित शाखा : प्रशासन शाखा / कानुन शाखा
* समय अवधि :- सोहि दिन ।

**१७ . सामाजिक सुरक्षा भत्ता (ज्येष्ठ नागरिक, एकल महिला, अपाङ.)**

यस उ.म.न.पा.क्षेत्र भित्रमा ७० वर्ष उमेर पुगेको जेष्ठ नागरिक, एकल महिला (विधवा) र ६० वर्ष उमेर पुगेका ज्येष्ठ दलितहरुलाई राष्ट्रको तर्फबाट सम्मान स्वरुप दिईने भत्ताको लागि देहायका प्रमाणहरु संलग्न गरि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेमा भत्ता उपलब्ध गराउन प्रकृया शुरु गरिनेछ ।

**आवश्यक कागजातहरु**

- निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- असहाय / एकल महिलाको लागि श्रीमानको मृत्यु दर्ता प्रमाणपत्र वा प्रमाणित प्रमाणपत्रको प्रतिलिपी
- बसाई सराईगरि आएको भए सो प्रमाणपत्रको प्रतिलिपी
- हालसालै खिचेको पासपोट साईजको ३ प्रति फोटो
- अपाङ्गको हकमा नेपाल सरकारको मान्यता प्राप्त चिकित्सक द्वारा प्रमाणित भएको प्रमाणपत्र
- दलितको हकमा जाति खुलेको प्रमाणपत्रको प्रतिलिपि

* सम्बन्धित शाखा : प्रशासन शाखा

**१८. जग्गा नामसारी सिफारिस**

**आवश्यक कागजातहरु**

- मृत्यु दर्ताको प्रमाणपत्र, मृतकको नागरिकताको प्रमाणपत्र प्रतिलिपी
- नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपी
- जग्गा धनि प्रमाणपूर्जा एकीकृत सम्पत्तीकर र तिरो तिरेको चालु वर्षको रसिदको प्रतिलिपी
- हकदारहरुको नागरिकता प्रमाणपत्र (नावालकको हकमा जन्म दर्ताको प्रमाणपत्र)
- वडा समितिको सिफारिस पत्र ।

- सेवाशुल्क/दस्तुर:-रु. १५५/-
- सम्बन्धित शाखा: प्रशासन शाखा / कानुन शाखा
- समय अवधि :- सोहि दिन ।

**१९. घर नक्सा पास :-**

**आवश्यक कागजातहरु**

- जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपी
- प्रष्टरुपमा खुलेको कित्ता नापी नक्सा / ट्रेस नक्सा
- प्रस्ताव गरिएको भवन वा अन्य निर्माण कार्यको जग्गा विकास एवं भवन मापदण्ड २०६४ बमोजिम उप-महानगरपालिकावाट नविकरण सहित सुचिकृत भएका कन्सल्टेन्सी फर्म इन्जिनियर / प्राविधिकबाट तयार गरिएको नक्सा ४ प्रति
- जग्गा रजिष्ट्रेशनको प्रतिलिपी
- चार किल्ला प्रमाणित (हाल सालैको)
- निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी
- बाटोमा कित्ता देखिएको खण्डमा प्लट रजिष्टर, फिल्डबुक उतारको सक्कल

- **सम्बन्धित शाखा :** नक्सा शाखा

**नक्सा पास हुने अवधि**

नक्सा पासको लागि माथि (क) महलमा उल्लेखित कागजात सहित निवेदन दर्ता हुन आएको हकमा १५ दिने सुचना प्रकाशित हुने मितिले १६ औं दिनमा सम्बन्धित पक्ष उपस्थित भएको खण्ड र विवाद नभएको अवस्थामा फिल्ड प्रतिवेदन प्राप्त मितिले २१ औं दिनमा निर्माण स्वीकृत प्राप्त हुनेछ।

**नक्सा पास दस्तुर:-**

- बेसमेंट प्रति वर्गफुट ५।-
- भूईतल्ला प्रति वर्गफुट रु. ६।-
- पहिलो तल्ला प्रति वर्गफुट रु.७।-
- दोश्रो तल्ला प्रति वर्गफुट रु.८।-
- तेश्रो तल्ला र सो भन्दा माथि प्रतिवर्ग फुट रु.१०।-
- गोदाम सेडघर, उधोग तथा व्यवसाय प्रयोजनको लागि प्रतिवर्ग फुट रु.१०।-
- कम्पाउण्ड वाल प्रति रनिङ फुट रू. १०।-

**अन्य दस्तुर:-**

पारित नक्साको नक्कल लिदा नक्सा प्रतिलिपी दस्तुर रु ३०।-

**निर्माण सम्पन्न प्रमाणपत्र**

उ.म.नगरपालिका कार्यालयवाट स्वीकृत नक्सा अनुसार ईजाजत लिएको दुई वर्ष भित्र निर्माण सम्पन्न प्रमाणपत्र अनिवार्य रुपमा लिनु पर्ने छ । निर्माण कार्य सम्पन्न नभएको खण्डमा पहिले लागेको दस्तूरको ५% थप दस्तूर लिई पुन: दुइ वर्षको लागि म्याद थप गर्न सकिने छ । साथै उपरोक्त म्याद नाघि आएमा सम्पन्न प्रमाणपत्र दिन कार्यालय बाध्य हुने छैन । सम्पन्न प्रमाणपत्र बापतको दस्तूर रू १०००।- हुनेछ ।

- **सम्बन्धित शाखा :-** नक्सा शाखा

## २०. नक्सा नामसारी

उप-महानगरपालिका क्षेत्र भित्रका नगरवासीले घर जग्गा बेचविखन भई नामसारी गर्न गराउन परेमा संयुक्त निवेदन सहित दुवै पक्षको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र उप-महानगरपालिका द्वारा मुल्याङ्कन गरिएको कागजात विक्रि सम्बन्धि लिखतको प्रतिलिपी सहित सम्बन्धित दुवै पक्षले सनाखत गरेपछि आवश्यक प्रकृया पुर्याई सोही दिन नक्सा नामसारी गरिनेछ ।

**क) लाग्ने दस्तुर** :-

निवेदन दस्तुर रु.१०।-

नामसारी दस्तुर देहाय बमोजिम लाग्ने छ ।

- १ देखि १००० वर्गफिट सम्म रु २,०००।-
- १००१ देखि १५०० वर्गफिट सम्म रु ४,०००।-
- १५०१ देखि २००० वर्गफिट सम्म रु ६,०००।-
- २००१ देखि ५००० वर्गफिट सम्म रु १०,०००।-
- ५००१ देखि १०००० वर्गफिट सम्म रु ३०,०००।-
- १०००१ वर्गफिट भन्दा माथि ४०,०००।-

## २१. जग्गा मुल्यांकन (चार किल्ला सहित मुल्यांकनको लागि)

**आवश्यक कागजातहरु**

- जग्गा धनि प्रमाण पूर्जा (लालपूर्जा)
- नेपाली नागरिकताको प्रमाणपत्र
- एकीकृत सम्पत्ती कर तिरेको रसिद
- घरको नक्सा पास प्रमाणपत्र
- नापी शाखावाट प्रमाणित भएको जग्गाको नक्सा
- संधियार छरछिमेकको सरजमिन मुचुल्का
    - सेवा शुल्क/दस्तुर : प्रति कित्ता रु. ३००।- का दरले लाग्ने छ ।
    - सम्बन्धित शाखा:- राजश्व शाखा / कानुन शाखा
    - समय अवधि :- सोहि दिन ।

## २२. व्यवसाय दर्ता तथा नविकरण

**आवश्यक कागजातहरु**

- व्यवसाय दर्ता निवेदन फारम
- नागरिकताको प्रतिलिपी, विदेशीको हकमा राजदुतावासको अनुमति पत्र
- घर जग्गा भाडामा लिएकोमा घर धनि संगको सम्झौता पत्र
- आफ्नै घर जग्गामा व्यवसाय गर्नेले उप-महानगरपालिकामा एकीकृत सम्पत्ती कर बुझाएको प्रमाण।

**लाग्ने शुल्क/ दस्तुर** :

निवेदन तथा प्रमाण पत्र वापत रु. ११५।- र नगरपरिषदवाट पारित दररेट अनुसार व्यवसायकर बुझाउनु पर्ने छ । वार्षिक रुपमा व्यवसायकर नवुझाएमा १० प्रतिशत जरिवाना लाग्ने छ ।

- सम्बन्धित शाखा : राजश्व शाखा
- समय अवधि :- सोहि दिन ।

### २३. विधुत मिटर, काठ तथा खानेपानीको सिफारिस

**आवश्यक कागजातहरु**

- जग्गा धनि प्रमाण पत्रको प्रतिलिपी
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- नक्सा पास प्रमाणपत्रको प्रतिलिपी
- यसै आ.व.को एकीकृत सम्पत्ति कर तिरेको रसिद

**सेवा शुल्क/दस्तुर**

- घरको लागि सिफारिस दस्तुर रु १६५।-.(विधुत, मिटर, काठ तथा खानेपानीको लागि)
- उधोगको लागि सिफारिस रु १६५।-(विधुत मिटरको सिफारिसको हकमा)
    - **सम्बन्धित शाखा/अधिकारी** : योजना शाखा, प्रशासन शाखा/ कानुन शाखा
    - समय अवधि :- सोहि दिन ।

### २४. वार्षिक सवारी कर दर्ता तथा नविकरण :-

**आवश्यक कागजातहरु**

- निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- सावरी दर्ता प्रमाणपत्रको प्रतिलिपी
- नविकरण तर्फ दर्ता भएको पत्र पेश गरि तोकिएको कर बुझाएपछि प्रमाणित गरिनेछ ।

**वाषिर्क सवारीकरका दरहरु:-**

- बस, ट्रक र लहरी रु. २०००।-
- मिनि बस, मिनी ट्रक, टेक्टर रु.१०००।-
- माईक्रो बस रु.५००।-
- जिप कार निजी रु.३००।-
- भाडाको जिप कार रु ५००।-
- मोटरसाईकल रु.१००।-
- टेम्पु रु.३००।-
- पावर टेलर रु ३००।-
    - **सम्बन्धित शाखा :** राजश्व शाखा

### २५. उधोग स्थापनाको लागि सिफारिस

**आवश्यक कागजातहरु**

- सधियार छिमेकीहरुको सरजमिन मुचुल्का
- सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्र
- उधोग स्थापना गर्ने स्थानको जग्गाधनी प्रमाणपूर्जा र संरचना भएमा यस आ.व.को एकीकृत सम्पति कर तिरो तिरेको रसिद र नक्सा पास प्रमाण पत्र
- बहालमा बसेका वा गैर नागरिक व्यक्ति भए धनि संगको सम्झौता पत्र
    - सिफारिस दस्तुर /सेवा शुल्क : उधोग अनुसार तोकिएको दररेट अनुसार ।
    - सम्बन्धित शाखा : प्रशासन शाखा/कानुन शाखा

**२६. बारुण यन्त्र**

कुनै स्थानमा आगलागि भएका खबर फोन नं.**०५१-५२२०००**.मा वा अन्य कुनै माध्यमवाट प्राप्त भएमा खबर प्राप्त भएको ५ मिनट भित्र बारुण यन्त्र सम्बन्धित स्थानको लागि प्रस्थान गरिनेछ ।

**२७. घर बाटो प्रमाणित**

**आवश्यक कागजातहरु**

- जग्गा धनि पूर्जाको प्रतिलिपी
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- नापी नक्सा
- वडा समितीको सिफारिस

**घरवाटो सिफारिस गर्दा लाग्ने शुल्क तथा दस्तुर देहाय वमोजिम लाग्नेछ ।**

**पिच सडक संग जोडिएका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर :-**

- १ नं सडक गण्डक देखि भन्सार सम्म (२०० मि. सम्म) दायांवायाका सडक संग जोडिएका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.३५००/-
- पशुपती आदर्शनगर क्षेत्रभित्रका सडक संग जोडिएका जग्गाहरु प्रति कित्ता रु.३,०००/-
- वाईपास सडक संग जोडिएका जग्गाहरु प्रति कित्ता रु.२,५००/-
- इनरवाईपास तथा नगर क्षेत्रभित्र पर्ने अन्य पिचसडकहरु संग जोडिएका जग्गाहरु प्रति कित्ता रु.२,०००/-

**ढलान सडक संग जोडिएका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर:-**

- आदर्शनगर,घडिअर्वा,गहवा,रेशमकोठी,कुम्हालटोल,विर्ता सिगरेट फ्याक्ट्रि तथा प्रगतीनगर क्षेत्रका जग्गाहरुमा प्रति कित्ता रु.१,८००/-
- अशोकवाटिका,श्रीपुर,रानिघाट,मुर्ली,पानीटंकी तथा छपकैया क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.१,५००/-

- राधेमाई,म.पिप्रा,वजार छपकैया नगवा, लक्ष्मनवा, भेडियाही, इनरुवा, घुसुकपुर,वहुअरी,नकटुवा तथा नौतन क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.१,२००/-

**ग्रेभल तथा खडन्जा सडकहरुमा लाग्ने सिफारिस दस्तुर :-**

- आदर्शनगर,विर्ता,पानीटंकी,रेशमकोठी क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.१,५००/-
- रानीघाट, मुर्ली, अशोकबाटिका, छपकैया, राधेमाई, श्रीपुर, पानीटंकी क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.१,२००/-
- रानीघाट, बजारछपकैया, लक्ष्मणवा, म. पिप्रा, भिस्वा, भेडियाही, इनरुवा, नगवा, घुसुकपुर,वहुअरी,नकटुवा तथा नौतन क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.१,०००/-

**कच्चि सडकहरुमा लाग्ने सिफारिस दस्तुर :-**

- विर्ता,पानीटंकी,घडिअर्वा,अशोकवाटिका,प्रगतीनगर,ठा.रा.व.क्याम्पस क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.१,०००/-
- रानिघाट, छपकैया, मुर्ली, श्रीपुर, भिस्वा, घुसुकपुर, क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.७००/-
- इनरुवा,नगवा,वजारछपकैया, लक्ष्मनवा, भेडियाही, म.पिप्रा, बहुअरी, नकटुवा तथा नौतन क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.५००/-

**सडक नभएका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर :-**

- विर्ता,पानीटंकी,घडिअर्वा,अशोकवाटिका,प्रगतीनगर,ठा.रा.व.क्याम्पस क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.१,०००/-
- रानिघाट, छपकैया, मुर्ली, श्रीपुर, भिस्वा, घुसुकपुर, क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.७००/-
- इनरुवा,नगवा,वजारछपकैया, लक्ष्मनवा, भेडियाही, म.पिप्रा, बहुअरी, नकटुवा तथा नौतन क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु.५००/-
    - **सम्बन्धित शाखा/अधिकारी : नक्सा शाखा**
    - समय अवधि :- सोहि दिन ।

**२८. उद्योग स्थापना गर्दा लाग्ने सिफारिस दस्तुर रु. ३,०००/-**

**२९. स्ववासी जग्गाधनी प्रमाणपुर्जा सिफारिस दस्तुर :-**

- ५ धुर सम्म प्रतिधुर रु.५००/-
- ५ धुर भन्दा माथि प्रति धुर रु. १५०/- का दरले थप दस्तुर लाग्ने छ ।
- विटौरी (हा.सा.) गर्दा लाग्ने सिफारिस दस्तुर रु. ५००/-
  - **सम्बन्धित शाखा:** प्रशासन शाखा / कानुन शाखा
  - समय अवधि :- सोहि दिन ।

**३०. विज्ञापन कर :-**

**आवश्यक कागजातहरु**

- व्यक्ति भएमा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- राख्न चाहेको स्थान उल्लेख भएको कागजात
- व्यक्तिको घर अथवा जग्गामा राख्ने भए सोको सम्झौता पत्रको प्रतिलिपी
- फर्म तथा उधोग भए दर्ता प्रमाणपत्रको प्रतिलिपी

**सेवा शुल्क/दस्तुर** : विज्ञापन करको दररेट तोकिए बमोजिम हुनेछ ।

**३१. विधालय स्थापना एवं स्तरबृद्धिको सिफारिस**

**आवश्यक कागजातहरु**

- सम्बन्धित वडा कार्यालयको सिफारिस
- निजी विधालयको हकमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
- सम्बन्धित विधालय व्यवस्थापन समितिको निर्णय
- स्तरबृद्धि भए यस अधिको स्वीकृती
- आवश्यक भौतिक पूर्वाधार भए नभएको निरिक्षण गरे पश्चात सिफारिस दिईनेछ।
- निकटतम २ विधालयहरुको सहमति
  - **सेवाशुल्क /दस्तुर** : निवेदन रु १५५।- तोकिएको दररेट अनुसार ।
  - समय अवधि :- सोहि दिन ।

**३२. एकीकृत सम्पतिकर :-**

**आवश्यक कागजातहरु**

- उ.म.न.पा.भित्रका संरचना तथा जग्गाको सम्पूर्ण विवरण एकैपटक पेश गर्नु पर्ने छ ।
- जग्गाको लालपूर्जाको फोटोकपी तथा संरचना भएकोमा नक्सापास प्रमाणपत्रको प्रतिलिपी
- एकीकृत सम्पतिकर वुझाउन आउदां साविकको घर जग्गा तथा मालपोत, भुमिकर बुझाएको प्रमाण पेश गर्नु पर्नेछ ।
- नागरिक्ता प्रमाणपत्रको फोटोकपी
- व्यक्ति वा संस्थाको सम्पतिको सम्पुर्ण विवरण छुट हुन गएमा वा लुकाएमा प्रचलित कानुन अनुसार दण्ड जरिवाना गरिने छ ।

- **सम्बन्धित शाखा:-राजश्व शाखा**
- **सेवाशुल्क/दस्तुर** : नगरपरिषदवाट पारित दररेट अनुसार लाग्नेछ ।
- समय अवधि :- सोहि दिन ।

## ३३. उ.म.न.पा.ले निर्माण गरेको सडक काटी खानेपानी संस्थानको धारा जडान गर्न लाग्ने सिफारिस दस्तुर देहाय बमोजिम लाग्ने छ ।

**आवश्यक कागजातहरु :**

- नागरिक्ता प्रमाणपत्रको फोटोकपी
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी
- कर चुक्ता प्रमाण
- संरचनाको नक्सा पास पुर्जी
    - **सेवाशुल्क : रू. १६५/-**

**सार्वजनिक संरचना मर्मत संभार दस्तुरः-**

- कंक्रिट सडक प्रतिफुट रु.१५०/-
- पिच सडक प्रतिफुट रु १३०/-
- ग्रेभल सडक प्रतिफुट रु १००/-
- खडन्जा सडक प्रतिफुट रु ७५/-
- कच्ची सडक प्रतिफुट रु ५०/-
    - **सम्बन्धित शाखा :** खानेपानी शाखा
    - समय अवधि :- सोहि दिन ।

### ३४. चारकिल्ला प्रमाणित सिफारिस :-

**आवश्यक कागजातहरुः-**

- जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ।
- नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
- वडा समितीको सिफारिस ।
- ट्रेस नक्साको प्रतिलिपी ।
- फिल्डवुक उतारको प्रतिलिपी ।
- न.पा.को कर चुक्ता गरेको प्रमाण ।

चारकिल्ला प्रमाणित गर्दा लाग्ने दस्तुर देहाय वमोजिम लाग्ने छ ।

क. ५ धुर सम्म रु. ३१५/- (प्रति कित्ता)

ख. १० धुर सम्म रु.५१५/- (प्रति कित्ता)

ग. १५ धुर सम्म रु.७१५/- (प्रति कित्ता)

घ. १ कट्ठा सम्म रु.१०१५/- (प्रति कित्ता)

१ कट्ठा भन्दा माथि प्रति धुर रु. ३०/- का दरले थप दस्तुर लाग्ने छ ।

- **सम्बन्धित शाखा:** प्रशासन शाखा / कानुन शाखा
- समय अवधि :- सोहि दिन ।

**(माथि उल्लेखित सिफारिस/सेवा वाहेक अन्य सिफारिस/सेवा दिनु परेमा प्रचलित कानुन अनुसार दस्तुर लाग्ने छ ।)**

**नोट - उप-महानगरपालिकावाट दिईने सम्पर्ण सेवाहरु न.पा.को कर चुक्ता प्रमाणपत्र पेश भएपछि मात्र उपलब्ध गराईने छ ।**